# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, पुस २५ गते २०३४ साल

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना

सरकारी रूपैयाँ खर्चसम्बन्धी (कार्यविधि) (दोस्रो संशोधन) नियमहरू, २०३४

सरकारी रूपैयाँ खर्चसम्बन्धी (कार्यविधि) नियमहरू, २०१६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "सरकारी रूपैयाँ खर्चसम्बन्धी (कार्यविधि) (दोस्रो संशोधन) नियमहरू, २०३४" रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. सरकारी रूपैयाँ खर्चसम्बन्धी (कार्यविधि) नियमहरू, २०१६ को नियम २ मा संशोधन : सरकारी रूपैयाँ खर्चसम्बन्धी (कार्यविधि) नियमहरू, २०१६ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को,–

(१) खण्ड (ख) को उप–खण्ड (२) मा रहेको "अर्थ आर्थिक कार्य विषय मन्त्रालय–बाट तोकिएको फर्मबमोजिम" भन्ने शब्दहरूको सट्टा "अर्थ मन्त्रालयबाट तोकिएको फारामबमोजिम" भन्ने शब्दहरू राखिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) खण्ड (ग) मा रहेका "उप–नियम (क)", "उप–नियम (ख)" र "अर्थ आर्थिक कार्य विषय मन्त्रालयबाट" भन्ने शब्दहरूको सट्टा क्रमशः "खण्ड (क)", "खण्ड (ख)" र "अर्थ मन्त्रालयबाट" भन्ने शब्दहरू राखिएका छन् ।

(३) खण्ड (ङ) मा रहेका "उप–नियम (ग)" र "उप–नियम (घ)" भन्ने शब्दहरूको सट्टा क्रमशः "खण्ड (ग)" र "खण्ड (घ)" भन्ने शब्दहरू राखिएका छन् ।

(४) खण्ड (च) पछि देहायको खण्ड (छ) थपिएको छ :–

"(छ) यी नियमहरूबमोजिम अर्थ मन्त्रालयको बजेट निकासा दिने र नियन्त्रण गर्ने काम महालेखा नियन्त्रक कार्यालयमार्फत हुनेछ ।"

३. <u>मूल नियमावलीको नियम ४ मा संशोधन</u> : मूल नियमावलीको नियम ४ को,–

(१) उप–नियम (३) मा रहेको "नियम २ को उप–नियम (ख)" भन्ने शब्दहरूको सट्टा "नियम २ को खण्ड (ख)" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उप–नियम (५) मा रहेको "नियम २ को उप–नियम (ग)" भन्ने शब्दहरूको सट्टा "नियम २ को खण्ड (ग)" भन्ने शब्दहरू राखिएका छन् ।

(३) उप–नियम (८) को सट्टा देहायको उप–नियम (८) राखिएको छ :–

"(८) मन्त्रालय, विभाग वा कार्यालयप्रमुखले लेखा राख्ने सम्बन्धी काम महालेखा नियन्त्रकले तोकिदिएबमोजिम गर्नु पर्नेछ ।"

४. <u>मूल नियमावलीको नियम ६ मा संशोधन</u> : मूल नियमावलीको नियम ६ को उप–नियम (१) मा रहेको "रीतपूर्वक राख्न लगाउन चाहिने व्यवस्था गर्ने" भन्ने शब्दहरूको सट्टा "रीतपूर्वक राख्न लगाउन आवश्यक लेखाअधिकृत र लेखापालहरू खटाई अरू चाहिने व्यवस्था गर्ने" भन्ने वाक्यांश राखिएको छ ।

५. <u>खारेजी</u> : मूल नियमावलीको नियम ३ खारेज गरिएको छ ।

आज्ञाले–
नरकान्त अधिकारी
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६९६०